Total No. of Printed Pages—8

**HS/XII/A/n/21**

**2 0 2 1**

**NEPALI ( ELECTIVE )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख (कुनै **दश**)ः 1×10=10

(क) 'मसान' नाटक कस्तो नाटक हो ?

*(i)* सामाजिक

*(ii)* ऐतिहासिक

*(iii)* पौराणिक

*(iv)* काल्पनिक

(ख) 'मसान' नाटकमा कहाँको दृश्य छ?

*(i)* पोखरा

*(ii)* काठमाडौँ

*(iii)* आसाम

*(iv)* शिलाङ

(ग) 'मसान' नाटक कति दृश्यमा बाँडिएको छ?

*(i)* आठ

*(ii)* नौ

*(iii)* दश

*(iv)* एघार

(घ) "मेरो त्यो उहिलेको बुद्धिको डोरेटोमा यो दुनियाँ हिंडेको भए सबको घर मसान बनिसक्थ्यो।" यसो भन्ने व्यक्ति को हो?

*(i)* युवती

*(ii)* कृष्ण

*(iii)* वाग्मती

*(iv)* दुलही

(ङ) भोटु को हो?

*(i)* नोकर

*(ii)* विद्यार्थी

*(iii)* पोष्यपुत्र

*(iv)* छिमेकी

(च) 'मसान' नाटकमा 'मसान'-को अर्थ के हो?

*(i)* दुःख–पीडा

*(ii)* बिछोड–वेदना

*(iii)* हाँसो–खुशी

*(iv)* प्रेम–मिलन

(छ) ''माया गर्नुको पनि एउटा भाँति हुन्छ।'' यो वाक्यको वक्ता को हो?

*(i)* मिसीनी

*(ii)* दुलही

*(iii)* युवती

*(iv)* वाग्मती

(ज) 'बसाइँ' उपन्यासका उपन्यासकार को हुन्?

*(i)* गोपालप्रसाद रिमाल

*(ii)* लीलबहादुर क्षत्री

*(iii)* लक्ष्मीप्रसाद देवकोटा

*(iv)* बालकृष्ण सम

(झ) बैदार बूढाले प्रयोग गर्ने थेगो हो—

*(i)* तपाईंको

*(ii)* हरिरामको

*(iii)* चाइनेजो

*(iv)* क्यानाम

(ञ) धनबहादुर जवान कति वर्षको थियो?

*(i)* 23 वर्षको

*(ii)* 24 वर्षको

*(iii)* 25 वर्षको

*(iv)* 26 वर्षको

(ट) झुमा के गीत गाउन सिपाल्नी थिई?

*(i)* सङ्गिनी

*(ii)* झ्याउरे

*(iii)* दोहरी

*(iv)* भजन

(ठ) ''कल्हे जान दिने मलाई मुगलान? म मोरीको त्यति ठूलो भाग्य काँ छ र।''
माथिको वाक्य कसले भनेको हो?

*(i)* मैना

*(ii)* ठूली

*(iii)* धर्तिनी

*(iv)* झुमावती

(ड) झुमा र रिकुटे-को पहिलो भेट कहाँ भएको थियो?

*(i)* हाटमा

*(ii)* लिम्बू गाउँमा

*(iii)* बाटोमा

*(iv)* छहरे धारोमा

(ढ) दुइ सातामा एकपल्ट लाग्ने हाट कुन बारमा लाग्ने गर्थ्यो?

*(i)* आइतवार

*(ii)* सोमवार

*(iii)* मङ्गलवार

*(iv)* बुधवार

(ण) दोस्रो भेटमा रिकुटेले झुमालाई के उपहार दियो?

*(i)* मजेत्रो

*(ii)* गुन्यू

*(iii)* खास्टो

*(iv)* डोरी

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर तलका वाक्य पूरा गर (कुनै **पाँच**): 1×5=5

(क) धने टिलपिल आँखा लिएर ______ छेवैमा उभिएको थियो।
(पाडोको/पाडीको)

(ख) उसको नीरस ______ केही नवीनताले छोएजस्तो लागेको छ उसलाई।
(जीवनमा/घरमा)

(ग) मैनालाई नानीले ______ त्यसैले उ घर्‌यौली काममा अघि सर्दिन।
(सताउँछ/पिरोल्छ)

(घ) पाइन्छ, पानीको के ______ छ र यत्रो धारा छ। (खाँचो/कमी)

(ङ) तर कुन ठूलो ______ खाउँला भनेर आफ्नै हातले सौता हालेकी हुन् यिनले।
(भाग/औसा)

(च) म मात्रै खोक्रो बाँसुरी जस्तै ______ भएर उसैको सासले।
(बजिरहेछु/गाइरहेछु)

(छ) तिमीलाई मैले ______ समेत पनि उठाउन लगाएको छैन।
(सिन्को/कुचो)

**3.** सत्य भनाइमा 'हो' र असत्य भनाइमा 'होइन' लेख (कुनै **पाँच**) : 1×5=5

(क) कृष्णले युवती (हेलेन) र दुलही दुवैजनालाई सक्दो माया गर्थ्यो।

(ख) नाटकको अन्त्यमा युवती (हेलेन)-ले कृष्णलाई आफ्नो जीवन बिगारि— दिएको आरोप लगाउँदै घर छाडेर जान्छे।

(ग) घरलाई मसान बनाउने व्यक्ति दुलही हो।

(घ) मोटे कार्की गाउँमा सबैसँग मिल्नसक्ने किसिमको मान्छे थियो।

(ङ) झुमाले दशैंको बजारमा गएर पाँच रुपियाँमा एउटा साधारण गुन्यू किनी।

(च) धनेको पूरा नाम धनबहादुर बस्नेत हो।

(छ) झुमाको उद्धार गर्ने व्यक्ति रिकुटे हो।

SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका *4/5* वाक्यमा उत्तर लेख : 3×5=15

(क) धनेले बैदारकहाँबाट भैंसी किनेर केके गर्ने सपना देखेको थियो?

(ख) नन्दे ढकालको छोरो कान्छो कस्तो स्वभावको मान्छे थियो?

(ग) बैदार बूढा को हुन्? उनको स्वभाव कस्तो थियो?

(घ) रागेभीर के हो? झुमा किन त्यहाँ गएकी हुन्छे?

(ङ) 'मसान' नाटकमा दुलहीको के कारण मृत्यु भयो?

(च) युवतीले कसरी आफूमाथि भएको धोकाको चाल पाउँछे?

**5.** (क) रस केलाई भनिन्छ? कति प्रकारका छन्? ती केके हुन्? 5

(ख) अलङ्कार के हो? कति प्रकारका छन्? शब्दालङ्कारको परिभाषासहित उदाहरण देऊ। 5

(ग) छन्द भनेको के हो? कति प्रकारका छन्? ती केके हुन्? कुनै एक छन्दको उदाहरण देऊ। 5

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर (कुनै **दुइ**): 5×2=10

(क) ''त्यो त्यस्तो खालको रिकुटे होइन, देवता जस्तो छ मान्छे भए पनि नपत्याए भोलि बात-चित गरेर बुझ्नु नि।''

(ख) ''दैवलीला पनि कस्तो बुझिनसक्नु, धनकङ्गाल भए पनि राजा महाराजाले नपाउने स्वास्नी मलाई भगवानले दिएका छन्।''

(ग) ''तिमीले उसलाई आफ्नो छोरो नसम्झे पनि उसले त संसारमा अरू सबैलाई जन्मदिने आमालाई समेत बिर्सेर तिमीलाई साख्खै आफ्नी आमा सम्झिसक्यो।''

(घ) ''मैले ल्याएको यो तेल तिमीलाई फाप्छ कि फाप्दैन म भन्न सक्तिनँ। तर यो तेलको बास्ना तिम्रो दुलाहाबाजेलाई खूब मन पर्छ।''

**7.** 'मसान' नाटककी प्रमुख पात्रा युवती (हेलेन)-को चरित्र चित्रण गर। 8

**अथवा**

'मसान' नाटकको कथावस्तु सङ्क्षेपमा लेख।

**8.** 'बसाइँ' उपन्यासकी पात्रा झुमावतीको चरित्र चित्रण गर। 8

**अथवा**

धने बस्नेत अन्तिम दिनमा घरबाट निस्कँदा कस्तो वातावरणको सृष्टि भयो? वर्णन गर।

**9.** महामारी 'कोरोना' (COVID–19) रोगबाट आफूलाई कसरी जोगाएर राख्न सकिन्छ, यस विषयलाई लिएर छात्रावासमा बस्ने तिम्रो भाइलाई एउटा पत्र लेख। 5

**10.** तलको कुनै **एउटा** विषयमाथि निबन्ध लेख: 10

(क) योगद्वारा स्वास्थ्य लाभ

(ख) परिश्रमको महत्त्व

(ग) समयको सदुपयोग

(घ) स्वास्थ्य नै धन हो

(ङ) बेकारी समस्या

**11.** शीर्षकसहित यस अनुच्छेदको सारांश लेख: 9

मेरी आमाले मलाई धेरै माया गर्नुहुन्छ, उहाँले मेरो हेरविचार राम्ररी गर्नुहुन्छ। उहाँले मलाई मनलागेका मीठामीठा खानेकुरा पकाएर खुवाउनु हुन्छ। मेरी आमाले मैले मागेका सबै कुरा दिनुहुन्छ। मलाई मन परेका खाने सामग्री घरमा बनाउनुहुन्छ। कहिलेकाहीं त बजारबाट मिठाई, लुगा किनेर ल्याइदिनुहुन्छ। मेरी आमाले मलाई मीठो स्वरले बोलाउनुहुन्छ। आमाको मधुर स्वर सुनी मन्त्रमुग्ध हुन्छु। आमाको स्वरबाट म धेरै खुसी पनि हुन्छु। संसारमा सबै कुरा, पैसा भए, सबै आफ्नो बनाउन पाइन्छ तर जन्मदाता आमा र बाबु किन्न पाइन्न। अरूले दिएको लाखै रूपैयाँ होस्, तर आफ्नी आमाको काखसित तुलना हुन सक्दैन। नेपाली उखानमा भनिन्छ— ''अरूको लाख आमाको काख'' यो भनाइलाई अत्यन्त उपयोगी र महत्त्वपूर्ण पनि मानिन्छ। वास्तवमा आमा भन्ने शब्द नै महान् छ। आमा शब्दलाई जति वर्णन गरेपनि थोरै नै हुन्छ। आमाको ममता र महानता अवर्णनीय छ।

★ ★ ★